



PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

epratekdaily.com




❖ वर्ष ३४ ❖ २०७८ असार २९ गते मङ्गलवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2021 July 13 Tuesday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ४ ❖ अङ्क ३१५

## राजमार्गका अधिकांश पुल जीर्ण, दुर्घटना बढ्दै

प्रस, निजगढ, २८ असार/

पूर्व–पश्चिम राजमार्ग सडकखण्डको बाराको पथलैयादेखि धनुषाको




तस्वीरः जीतलाल श्रेष्ठ

ढल्केबरसम्मका अधिकांश पुल जीर्ण छन्। सडक विभागले बर्सेनि बकैया र पसाहा पुलका खाल्डाखुल्डी टालटुल गरे पनि केही महीना नबित्दै पुनः भत्किने उप्किने गरेको छ। वर्षात्को समयमा सडक र पुलहरूमा खाल्डाखुल्डी हुँदा दुर्घटना हुने गरेको छ।

पुल भन्ने बित्तिकै नदी खोलामा सहजरूपमा सवारीसाधन आवतजावत गर्न सकिने गरी बनाइएका पक्की संरचना हो। तर त्यही पुलहरू झोलुङ्गे पुलझैं हल्लिने गरेका छन्। पहिले अगाडि–पछाडि हल्लिने पुलहरू केही वर्षयतादेखि तल–माथि हल्लिंदै आएका छन्। जुन राम्रो सङ्केत होइन, यसले पुलको अवस्था जीर्ण भएको बताउँछ।

तत्कालीन सोभियत सङ्घको सहयोगमा राजमार्गसँगै बनाइएका बकैया पुल र पसाहा पुल निर्माण भएको ४२ वर्षभन्दा बढी भयो। बेलाबेलामा उचित मर्मतसम्भार नहुँदा पुलहरू जीर्ण बन्दै गएका हुन्।

आइतवार विराटनगरबाट पथलैयातर्फ आएको सानो सवारीसाधनका चालक दिनेशकुमार राजवंशीले पुल र सडकमा परेका खाल्डाखुल्डीका कारण सवारीसाधन चलाउन गाह्रो भएको बताए। उनले लामो दूरीमा यात्रा गर्दा त झनै अप्ठ्यारो हुने बताए। राजमार्गमा रहेका अधिकांश पुराना पुल झोलुङ्गे पुलझैं हल्लिने गरेको उनले बताए।

पहिले ६ चक्के सवारीसाधन हुन्थ्यो भने अहिले १० देखि २४ चक्का भएका मालवाहक सवारीसाधन बनेका छन्। अत्यधिक भारवहनले गर्दा सडक र पुलको अवस्था जीर्ण भएकाले दुर्घटना बढेको जिल्ला ट्राफिक प्रहरी कार्यालय निजगढका ट्राफिक प्रहरी निरीक्षक विपिन ओझाले बताए।

लकडाउन खुकुलो भएपछि सवारीसाधनको चाप बढ्न थालेको र धन्सारदेखि अमलेखगंजस्थित चुरियामाईसम्मको ४५ किलोमिटर दूरीमा वैशाखमा ७७, जेठमा ५३ र असारमा ५६ गरी तीन महीनाको अवधिमा १८६ वटा दुर्घटना भएको उनले बताए। यस दुर्घटनामा २२ जनाले ज्यान गुमाएको, ३६ जना गम्भीर र १६४ जना सामान्य घाइते भएका ट्राफिक प्रहरी कार्यालय बाराको तथ्याङ्कमा उल्लेख छ।

ट्राफिक नियम पालना नगर्दा दुर्घटना बढ्नुका साथै यान्त्रिक गडबढी, राष्ट्रिय निकुञ्ज र वन्यजन्तुले सडक काट्दा दुर्घटना हुने गरेको छ। ट्राफिक नियम पालना नगर्ने सवारी चालकलाई तीन महीनाको अवधिमा रु १ करोड ५ लाख ९९ हजार जरिवाना गराइएको ट्राफिक प्रहरी कार्यालय निजगढले जनाएको छ।

## प्रम ओलीको पक्षमा प्रदर्शन

प्रस, वीरगंज, २८ असार/

सर्वोच्च अदालतले संसद् पुनर्स्थापनासँगै प्रधानमन्त्रीमा शेरबहादुर देउवालाई नियुक्त गर्ने आदेश दिएपछि प्रधानमन्त्री केपीशर्मा ओली समर्थकले विरोध प्रदर्शन गरेका छन्।

युवा सङ्घ र अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियनको संयुक्त आयोजनामा वीरगंज र कलैयामा विरोध प्रदर्शन गरिएको छ।

वीरगंजमा जिल्ला प्रहरी कार्यालयअगाडिबाट निकालिएको विरोध र्‍यालीले घण्टाघरमा टायर बालेर प्रदर्शन गरेको थियो। सो क्रममा प्रहरीले प्रदर्शनकारीलाई लखेटेको थियो।

प्रदर्शनपछि यातायात संस्थानको रातो बङ्गलामा कोणसभा गर्दै ओलीनिकट नेताहरूले प्रधानमन्त्री ओलीको पक्षमा वकालत गरे। उनीहरूले अदालतको आदेश विरोधाभासपूर्ण रहेको बताए। अदालतलाई प्रधानमन्त्री नियुक्त गर्ने अधिकार नभएको भन्दै उनीहरूले विरोध गरे।

सभामा प्रम ओलीलाई अझै १० वर्ष शासन सत्तामा टिकाउनुपर्ने माग गर्दै नाराबाजी गरेका थिए। 'आजलाई होइन भोलिलाई, १० वर्ष राजनेता ओलीलाई' नारा लगाइएको थियो। प्रदर्शनमा युवा नेताहरू रवि गुप्ता, शिवजी गुप्ता, अखलेश साह, महम्मद निजामलगायतको सहभागिता थियो।

यसैगरी, बाराको कलैयामा प्रम ओली समर्थकहरूले विरोध प्रदर्शन गरेका थिए।




पर्सा र बारामा प्रम ओलीको पक्षमा भएको प्रदर्शन। तस्वीरः प्रतीक

सर्वोच्चको फैसला आएपछि युवा सङ्घ र अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियनको अगुवाइमा भरतचोकमा विरोध प्रदर्शन गरिएको हो।

प्रदर्शनको क्रममा सर्वोच्चको फैसलाको विरोध गरिएको युवा सङ्घका सचिव मोबिन आलमले बताए।



घण्टाघर र पोखरियामा मैनबत्ती बालेर खुशियाली मनाउँदै। तस्वीर : प्रतीक

### फैसलाको स्वागत

प्रस, वीरगंज/पोखरिया

सर्वोच्च अदालतले गरेको फैसलाको समर्थनमा सोमवार वीरगंज र पोखरियामा दीपोत्सव गरी खुशियाली मनाइएको छ।

वीरगंजको घण्टाघरमा नेपाल विद्यार्थी सङ्घ र अखिल क्रान्तिकारीमा आबद्ध विद्यार्थीहरूले मैनबत्ती बालेर सर्वोच्चको फैसलामा खुशियाली मनाएका थिए।

त्यस्तै, नेपाल विद्यार्थी सङ्घ पोखरियाका अध्यक्ष सन्तोष महतोको नेतृत्वमा पोखरियामा सोमवार साँझ मैनबत्ती बालेर खुशियाली मनाइएको थियो।

कार्यक्रममा संविधानसभा सदस्य रामेश्वर रौनियार, महाधिवेशन प्रतिनिधि असर्फी साह, माओवादी पोखरिया नगरअध्यक्ष पन्नालाल पटेल, राज गिरीलगायतले मन्तव्य व्यक्त गरेका थिए।

## शिवलिङ्ग जमीनमा भासियो, स्थानीयमा त्रास

प्रस, गरुडा, २८ असार/

रौतहटको समनपुरमा रहेको प्राचीन महत्त्वको शिवलिङ्ग जमीनमा भासिएको छ। आइतवार दिउँसो पूजा गर्दागर्दैको अवस्थामा शिवलिङ्ग सतहभन्दा करीब डेढ फिट तल जमीनमा भासिएपछि स्थानीयवासीमा त्रास देखिएको छ। शिवलिङ्ग भासिनु, चर्किनु तथा टुटफुट हुनु अमङ्गलको सङ्केत भएको कतिपयको भनाइ रहेकाले कतै कुनै अनिष्ट हुने डरले स्थानीयवासीमा त्रास रहेको वडाध्यक्ष दीपेन्द्र श्रेष्ठले जानकारी गराएका छन्।

गढीमाई नगरपालिका–१ समनपुरका ३६ वर्षीय पप्पु भन्ने अनिशकुमार मेहताले आइतवार दिउँसो साढे दुई बजेतिर पूजा गरिरहेको अवस्थामा नै शिवलिङ्ग भासिएको हो। भाकल अनुसार मेहताको परिवारले पूजाआजा गरी जलाभिषेक गरेका थिए। त्यसपछि गाईको घ्यू शिवलिङ्गमा दल्न थालेपछि पाँचौंपटक दल्न खोज्दा अचानक शिवलिङ्ग जमीनमा भासिएको मेहताले बताएका छन्। घ्यू मल्दामल्दै शिवलिङ्ग भासिएपछि आफू एकछिन डराएको र डराएर मन्दिरबाट बाहिर आई पुजारी, माली तथा हजामलाई सुनाउँदा तत्काल नपत्याएको बताउँदै सबैले देखेपछि विस्मित भएको मेहताको भनाइ छ।

मन्दिरवरिपरिको जमीनको सतहभन्दा करीब तीन फिट गहिरो स्थानमा शिवलिङ्ग रहेको थियो। शिवलिङ्ग रहेको सतहभन्दा शिवलिङ्ग करीब डेढ फिट अग्लो रहेको स्थानीयको भनाइ छ। अहिलेसम्म यस्तो घटना नसुनिएको तर अचम्मको घटना भएकोले स्थानीयहरू त्रासमा रहेका छन्।

मन्दिरका पुजारी शङ्कर गिरीले शिवलिङ्ग भासिएको घटना सुनेर आफू करीब एक घण्टापछि मात्र आइपुगेको बताएका छन्। हरेक दिनझैं आइतवार पनि बिहान ६ बजे मन्दिरमा

(बाँकी अन्तिम पातामा)



धसेको शिवलिङ्ग र भित्तामा देखिएको विचित्र आँखासहितको आकृति। तस्वीरः सञ्जय मित्र

- कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु जम्माखोरी, कालोबजारी तथा लुकाइराखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराऔं।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

## सर्वोच्च अदालतको फैसलाप्रति वीरगंजका नेताहरूको प्रतिक्रिया

राधेश्याम पटेल, वीरगंज, २८ असार/

प्रधानमन्त्री केपीशर्मा ओलीको सिफारिशमा दोस्रोपटक संसद् भङ्ग गरिएको विरुद्धमा परेको रिट सम्बन्धमा सर्वोच्च अदालतले सोमवार संसद् पुनर्स्थापना गर्दै असार २९ गते साँझ ५ बजेभित्र नेपाली काङ्ग्रेसका सभापति शेरबहादुर देउवालाई प्रधानमन्त्री नियुक्त गर्न परमादेश जारी गरेको छ। संविधानको धारा ७६ (५) बमोजिम देउवालाई प्रधानमन्त्री नियुक्त गर्न १४९ जना प्रतिनिधिसभा सांसदले हस्ताक्षरसहित राष्ट्रपतिसमक्ष दाबी गरेका थिए। तर राष्ट्रपतिले सो दाबी खारेज गर्दै प्रम ओलीको सिफारिशमा प्रतिनिधिसभा दोस्रोपटक भङ्ग गरेकी थिइन्। सर्वोच्चको आदेशले ओलीलाई प्रधानमन्त्रीको कुर्सीबाट झारेको छ। यसबारे वीरगंजका नेताहरूको प्रतिक्रियाः



अनिल रूँगटा, विचारी यादव, प्रदीप यादव, प्रभु हजरा, राजेशमान सिंह, रहबर अन्सारी (बायाँबाट)। तस्वीरः प्रतीक

**सर्वोच्चको फैसलाले नेपाली जनताको जीत –अनिल रूँगटा, संविधानसभा सदस्य**

नेपाली काङ्ग्रेसका नेता एवं संविधानसभा सदस्य रूँगटाले अदालतको फैसलाले नेपाली जनताको जीत भएको बताए। उनले संविधान मिचेर असंवैधानिकरूपमा कुर्सीमा बसिराख्ने प्रवृत्तिविरुद्ध सर्वोच्चको फैसला आएको बताए।

फैसलाले असंवैधानिक कदमबाट देशलाई मुक्त गराइ देशवासीमा न्यायालयप्रतिको विश्वास अझै बढाएको उनले प्रतिक्रिया दिए।

**संविधानभन्दा माथि कोही पनि छैन –विचारी यादव, संविधानसभा सदस्य**

नेता यादवले सर्वोच्चको आजको फैसला सराहनीय रहेको प्रतिक्रिया दिए। उनले फैसलाले संविधानभन्दा माथि कोही पनि छैन भनी पाठ सिकाएको बताए। संवैधानिक इजलासले संवैधानिक परिधिभित्रै रहेर फैसला दिएकोले स्वागतयोग्य रहेको बताए।

**फैसला ऐतिहासिक –प्रदीप यादव, सांसद**

पर्साका सांसद प्रदीप यादवले सर्वोच्चको आदेशको स्वागत गरेका छन्। उनले आदेश ऐतिहासिक भएको बताए। फैसलाले लोकतन्त्र र संविधानको रक्षा गरेको उनको प्रतिक्रिया छ।

**संसदीय व्यवस्थाप्रति न्यायालयको प्रहार –प्रभु हजरा, एमाले पर्सा अध्यक्ष**

अदालतको फैसलाले संसदीय व्यवस्थालाई समाप्त पारेको उनको प्रतिक्रिया छ। उनले सर्वोच्चलाई संसद् पुनर्स्थापना गर्ने अधिकार होला तर प्रधानमन्त्री नियुक्त गर्ने परमादेश जारी गर्न नमिल्ने बताए। न्यायालयले बहुदलीय व्यवस्थाप्रति प्रहार गरेको बताउँदै उनले संसद्को अधिकारलाई कुण्ठित गरी देशमा द्वन्द्व बढाउने काम भएको बताए।

**अदालतको फैसला गलत –राजेशमान सिंह, जसपा नेता**

सिंहले अदालतप्रति आफूहरूको सम्मान रहे तापनि आजको फैसला गलत भएको बताए। उनले अदालतलाई संसद् पुनर्स्थापना गर्ने अधिकार मात्र भएको तर प्रधानमन्त्री चयन गर्ने अधिकार नभएको बताए। उनले यस्तो फैसलाले देश थप द्वन्द्वतिर जाने खतरा बढेको बताए।

**नेपाली राजनीतिको लागि सर्वोच्चको फैसला दूरगामी –रहबर अन्सारी, नेकपा केन्द्र, वीरगंज महानगर अध्यक्ष**

अध्यक्ष अन्सारीले सर्वोच्चको आदेश दूरगामी निर्णय भएको बताए। उनले अदालतको फैसलाले मुलुकमा लोकतन्त्र जीवितै रहेको बताए। संविधान मिचेर देश चलाउन खोज्नेहरूको लागि यो आदेश कडा जवाफ हो, संविधान र विधिभन्दा माथि कोही पनि छैन, यसले नेताहरूलाई लामो समयसम्म पाठ सिकाउने बताए।

## विचारसार र सूक्तिहरू

**दुनियाँमा कुनै चीज जतिसुकै मूल्यवान् किन नहोस्; निद्रा, शान्ति र आनन्दभन्दा बढी केही छैन ।**


| | |
|---|---|
| प्रकाशक | : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : विकाश शर्मा |
| सम्पादक | : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१- ५२३१०५, ५२५१२२
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


# विपी उद्यान राजनीतिक रणक्षेत्र

**वीरगंज महानगरपालिकाको स्वामित्वमा रहेको वीरगंजको घण्टाघरस्थित दश बिघा जग्गा (विपी उद्यान)मा पर्खाल र ढलान निर्माण कार्य भइरहेको छ। तत्कालीन नेपाल यातायात संस्थानको स्वामित्वबाट महानगरपालिकाको स्वामित्व कायम भएको अढाई दशक बितिसकेको छ । तर विपी उद्यान नामकरण गरिएको सो स्थान लामो समयसम्म खाली रह्यो र अहिले पनि उद्देश्यपरक निर्माणको थालनी भने हुन सकेको छैन । संस्थानबाट महानगरको स्वामित्वमा आएपछि उद्देश्यअनुरूप विपी उद्यानको काम अगाडि बढेन। नबढ्नुका कारण अनेक होलान्। खाली जग्गामा एक समय वीरगंजस्थित भारतीय महावाणिज्य दूतावासको पहलमा अन्तर्राष्ट्रिय मापदण्डको १५ सय सिट क्षमताको सभाहल निर्माणको पहल भएको थियो। तर समय परिवेशले सो पहल गुरुयोजनामैं सीमित बन्यो । मधेस आन्दोलनपछि विकसित राजनीति घटनाक्रमले मधेसी पार्क नामकरण गरी उचालियो र नामकरणको विवादसंगै अन्तर्राष्ट्रिय सभाहल निर्माणको पहल स्थगित भयो । यसो त सो जग्गा महानगरपालिकाको स्वामित्वमा आएपछि विभिन्न निर्माणका योजनाहरू मौखिकरूपमा महानगर नेतृत्व पक्षबाट सार्वजनिक गरिएकै हो।**

**विपी उद्यानमा प्रदेश सरकारका मुख्यमन्त्रीले मधेसी पार्क निर्माणको लागि शिलान्यास पनि गरिसके। विपी उद्यानको उद्देश्यविपरीत मुख्यमन्त्रीबाट मधेसी पार्कको शिलान्यास भएपछि महानगरपालिका र नेपाली काङ्ग्रेसले विरोध गरेका थिए । विरोधका कारण मधेसी शहीदहरूको सालिकलाई उद्यानको दक्षिणतर्फ एक कुनामा स्थापना गरिएको छ । करीब २५ वर्षको अवधिमा सङ्घ सरकारको पहलमा विपी उद्यानको जग्गालाई पर्खालले घेर्ने र सँगै हलुका सवारीसाधन पार्किङको लागि निर्माण कार्य शुरू गरिएको छ। एक वर्ष अगाडि भएको यो ठेक्का गत वैशाखदेखि शुरू भएको र पर्खाल निर्माणको काम ७५ प्रतिशत सम्पन्न भएर ढलान गरिंदा अहिले उद्यानको उद्देश्यविपरीत कार्य भएको भनेर विवाद शुरू गरिएको छ । विपी उद्यानको जग्गा खाली रहँदा विभिन्न खुद्रा पसल, हाटबजार अनि गरीब, दलित, विपन्न मुसहर, डोम जातिले अस्थायी घर बनाएर अतिक्रमण गरेका थिए । सवारीसाधनहरूको अघोषित पार्किङस्थल पनि त्यहीं थियो। विपी उद्यान अहिलेसम्म किन बनेन, नबन्नुका कारण के हो भन्ने विषयमा कसैले कहिले चासो देखाएन ।**

**नेपाली काङ्ग्रेसको नेतृत्वमा धेरैपटक सरकार बन्यो । आफ्नो सरकारको पालामा बनाउन नसकेको उद्यान अहिले नेपाली काङ्ग्रेसले बनाउँला भन्ने विश्वास महानगरवासीमा छैन । अन्य पार्टीले पनि विपी उद्यानको उद्देश्यअनुरूप निर्माण गर्ला भनी सोच्नु मूर्खता होला । विपी उद्यान बन्न नसकेको अवस्थामा जग्गा खाली नै राख्ने कि यसमा अन्य काम गरेर गति दिने भन्ने विषयमा पनि पर्सा काङ्ग्रेसले कहिले पनि छलफल, राय, परामर्श गरेको छैन । आफूले काम नगर्ने, अरूबाट गराउनका लागि पहल पनि नगर्ने कार्यले अहिलेसम्म उद्यान लावारिस भएको हो । अबका दिनमा पनि उद्यानको उद्देश्यअनुरूपको निर्माण कार्य गराउने हो भने पर्सा काङ्ग्रेसले पहल गर्नै पर्छ ।**

# नेपालमा रेलसेवा

स्वतन्त्र विचार




श्रीमन्नारायण
an_shriman@yahoo.com


**नेपालको यातायात क्षेत्रमा रेलसेवा उपयोगी साबित हुन सक्दछ। यस विषयमा सरकार मात्रै होइन देशका राजनीतिक दलहरू तथा आम जनतासमेतको सकारात्मक भूमिका आवश्यक छ। हालै भएको सम्झौतालाई पनि एउटा उपलब्धि मान्न सकिन्छ।**

विकसित तथा अर्धविकसित राष्ट्रहरूको विकासमा रेलसेवाको योगदान महत्त्वपूर्ण साबित हुन सक्दछ । दुई छिमेकी राष्ट्र भारत र चीनको आर्थिक विकासमा यसको भूमिका महत्त्वपूर्ण साबित भएको छ। विश्वका अनेकौं देशको आर्थिक विकासमा यो महत्त्वपूर्ण साबित हुँदै आएको छ। सस्तो, सहज, सुलभ र आरामदायक यात्राका साथै मालसामानहरूसमेतको सुरक्षित, व्यवस्थित र समयबद्ध ढुवानीका निम्ति रेलसेवाको अर्को विकल्प हुनै सक्दैन । नेपालमा पनि रेलसेवाको इतिहास पुरानो नै छ तर यसले न त व्यापकता लिन सक्यो, न त निरन्तरता नै पाउन सक्यो। नेपालको निम्ति पनि रेलसेवा उपयोगी साबित हुन सक्दछ तर यस दिशामा सतत् प्रयास आवश्यक छ। विगतका दिनमा भएका केही उपलब्धिलाई सकारात्मक मान्न सकिन्छ।

यातायातको सशक्त माध्यम रेलमार्गले मालसामानको ढुवानीमा पनि महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने गरेका कारण राजस्व सङ्कलनमा समेत सहयोग पुग्नेछ । भारत सरकारको सहयोगमा वीरगंजको श्रीसियास्थित सुक्खा बन्दरगाह सञ्चालनमा आएपश्चात् नेपाललाई भारतसितको दुई पक्षीय व्यापारमा सुविधा र सहजता मात्रै भएको छैन अपितु भारतको बन्दरगाहबाट तेस्रो देशका मालसामानको ढुवानीमा समेत सहजता भइरहेको छ । सुक्खा बन्दरगाहको सञ्चालन नेपालको निम्ति लाभदायक साबित भएको छ । यसबाट समय र पैसा दुवैको बचत भइरहेको छ। अब त वीरगंजको श्रीसियाबाहेक पूर्व र पश्चिममा पनि सुक्खा बन्दरगाह सञ्चालनमा आउनुपर्ने माग नेपाली व्यवसायीहरूले गरिराखेका छन्। चर्चा काठमाडौंको पनि छ । सडकमार्ग हुँदै ट्रकमा मालसामानको ढुवानी बढी विश्वसनीय हुने गरेको थिएन तर जबदेखि सुक्खा बन्दरगाहको प्रभावकारी कार्यान्वयन हुन थालेको छ, नेपालको आयात-निर्यात व्यापारमा पनि सहजता भएको छ।

भारत सरकारको सहयोगमा निर्मित जनकपुर-जयनगर रेलसेवालाई पनि ब्रोडगेजमा परिणत गरिसकिएको छ। ७० किलोमिटर दूरीसम्मको जयनगर-बर्दिबास रेलमार्ग निर्माण कार्य अन्तिम चरणमा पुगेको छ। जयनगर-जनकपुर रेलमार्गलाई ब्रोडगेजमा परिणत गर्न पनि भारत सरकारले नै आर्थिक सहायता गरेको हो। रक्सौल-काठमाडौं रेलमार्ग निर्माण हुने सम्भावना पनि विकसित भएको छ । सम्भवतः यसको विस्तृत योजना प्रतिवेदनको तयारी कार्य पनि चाँडै नै थालिने भएको छ। सम्भवतः भारत सरकारकै अनुदानमा रेलमार्गको निर्माण हुनेछ । नेपालमा पूर्व-पश्चिम विद्युतीय रेलमार्ग निर्माणको कुरा पनि चर्चामा नआएको होइन तर यो त्यति सहज छैन । बल्ल-बल्ल ऊर्जा क्षेत्रको विकासमा केही महत्त्वपूर्ण उपलब्धिहरू हुन थालेका छन्।

हुनत उत्तरी छिमेकी चीनले पनि तिब्बतको केरुङदेखि हाम्रो राष्ट्रिय राजधानी काठमाडौंसम्म रेलसेवा सञ्चालन गरिदिने प्रतिबद्धता व्यक्त नगरेको होइन । प्रधानमन्त्री केपीशर्मा ओलीको उत्तरी छिमेकी चीनको भ्रमणताका यस विषयमा सम्झौता पनि भएकै थियो। करीब चार वर्षअघि भएको आम निर्वाचनमा वाम गठबन्धनद्वारा जारी चुनावी घोषणापत्रमा पनि यस विषयको चर्चा नभएको होइन तर केरुङ-काठमाडौं रेलमार्ग निर्माण र सञ्चालन सहज छैन। अहिले नै हाम्रो देशमाथि १५ खर्बजतिको ऋण पुगिसकेको छ। उत्तरी छिमेकी चीनले अनुदान सहायतास्वरूप पक्कै पनि रेलमार्गको निर्माण गरिदिने होइन । केरुङ-काठमाडौं रेलमार्गको निर्माणमा कम्तीमा पनि १० खर्बजति खर्च आउनेछ । हामीले यो ऋणलाई पनि स्वीकार गर्ने हो भने अहिले नै कुल जिडिपीको एक तिहाइभन्दा बढी रकम ऋण र ब्याज चुक्ता तिर्न खर्च गरिरहेको अवस्थामा पुगिसकेको नेपालको निम्ति चीनको यो कथित सदाशयताले हामीलाई कङ्गाल बनाइदिनेछ।

उत्तरी छिमेकी चीनले दिने गरेको आर्थिक सहायता प्रायःजसो ऋणमा आधारित हुन्छ र त्यसको ब्याजदर पनि चर्को हुने गर्दछ। कुनै पनि देशको ठूलो परियोजनाको निम्ति ऋण अनुदान दिने चीनले ठेकेदार, इन्जिनीयर र प्राविधिकहरू पनि आफ्नै देशबाट ल्याउने गर्दछ । परियोजनाको निर्माण कार्य सकाएर त्यसलाई हस्तान्तरण अवश्य पनि गरिन्छ तर ऋणको भारी भने सम्बन्धित देशले नै बोक्नुपर्ने हुन्छ। हालका दिनमा पाकिस्तानमा चिनियाँ लगानीको विरोध हुनुको एउटा ठूलो कारण यो नै हो । पाकिस्तानका प्रधानमन्त्री स्वयंले नै चीनसँग ऋण अनुदान के-कस्तो शर्तमा लिने कार्य भइरहेको छ ? त्यो आफूलाई थाहा नभएको भन्दै आफ्नो अनभिज्ञता प्रकट गरेका थिए । अब त श्रीलङ्का, मालद्विप्स, बङ्गलादेश, मलेसिया आदि देशमा पनि चिनियाँ शर्तको लगानीको चर्को विरोध भइरहेको छ। हाम्रा उत्तरी छिमेकीले अनुदानबापत नै केरुङ-काठमाडौं रेलमार्ग निर्माण गरिदिए नेपाली जनता चीनप्रति कृतज्ञ हुने थियो।

चाँडै नै जयनगर-जनकपुर रेलसेवा पुनः सञ्चालन हुन गइरहेको छ। पूर्व-पश्चिम रेलमार्ग निर्माण पनि चाँडै हुने अपेक्षा गर्न सकिन्छ। रक्सौल-काठमाडौं रेलमार्ग पनि दक्षिणी छिमेकीको सहयोगबाट सञ्चालन हुने अनुमान नेपालले गरेको छ।

गत साता मात्रै भारत र नेपालले भारत-नेपाल रेलसेवा सम्झौता २००४ का लागि आदानप्रदानपत्रमा हस्ताक्षर गरेका छन् । दुई देशका सरकारबीच कूटनीतिक पत्र तथा दुवै पक्षले हस्ताक्षर गरेको आदानप्रदानपत्र (लेटर अफ एक्सचेन्ज) साटासाट भएका थिए। एक भर्चुअल समारोहका बीच भएको सो हस्ताक्षरमा नेपाल सरकारका उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव तथा भारतको रेल मन्त्रालय अन्तर्गतको परिचालन तथा व्यवसाय विकासका सदस्यले प्रतिनिधित्व गरेका थिए। सो समारोहमा नेपालका लागि भारतीय राजदूत विनयमोहन क्वात्रा तथा भारतका लागि नेपाली राजदूत नीलाम्बर आचार्य एवं दुवै देशका परराष्ट्र मन्त्रालयका अधिकारीहरूको सहभागिता थियो।

लेटर अफ एक्सचेन्जमा हस्ताक्षर भएसँगै सार्वजनिक तथा निजी कन्टेनर सञ्चालक, मोटरगाडी, माल रेल सञ्चालक, विशेषतया मालसामान रेल सञ्चालन वा भारतीय रेलवेले स्वीकृत गरेका अन्य माल ढुवानी सञ्चालनलगायतका सबै अधिकार प्राप्त कार्गो रेल सञ्चालकहरूले नेपाल आउने कन्टेनर र भारत-नेपालबीच ओसारपोसार हुने मालसामान र तेस्रो मुलुकबाट आएका सामान भारतको बन्दरगाहबाट नेपालसम्म ल्याउन भारतीय रेलमार्ग प्रयोग गर्न पाउनेछन्। यो नयाँ प्रावधानले नेपालको बजार शक्तिको पहुँचलाई विस्तार गर्नुका साथै सामानको ढुवानीलाई थप प्रभावकारी बनाइ एवं मूल्य प्रतिस्पर्धामा वृद्धि गरी नेपाली व्यापारी, ढुवानीकर्ता र उपभोक्ताहरूलाई लाभान्वित तुल्याउनेछ।

अझ यस सम्झौतापश्चात् भारतको रेल सञ्जालमा सञ्चालन हुने सबै किसिमका मालवाहक रेलले भारत र नेपालबीच मालसामान ओसारपसार गर्नेछन् । यसले विशेष प्रकारका माल डिब्बामा बोकिने मोटरगाडी र अन्य केही वस्तुको ढुवानी खर्चमा समेत कमी ल्याउनेछ । यस मापदण्ड र प्रक्रिया अनुरूप नेपाल रेलवे कम्पनीको स्वामित्वमा रहेका माल डिब्बाहरूले भारतीय रेल सञ्जालमा (कोलकाता/हल्दियादेखि विराटनगर र वीरगंज रूटहरूमा) नेपाल आउने मालसामानहरू बोक्न आउनेछन् । यस सम्झौताले भारत-नेपाल रेल सम्झौतामा अन्य थुप्रै पक्ष अद्यावधिक गर्नुका साथै भारतीय र नेपाली रेलवेका परिचालन र पूर्वाधारसम्बन्धी नयाँ पक्षलाई पनि समेट्नेछ । छिमेकी पहिलोको भारत सरकारको नयाँ नीति अन्तर्गत क्षेत्रीय कनेक्टिभिटी विस्तार गर्ने भारतको थुप्रै प्रयासमध्येको यो एउटा प्रयास नै हो । नेपालको यातायात क्षेत्रमा रेलसेवा उपयोगी साबित हुन सक्दछ । यस विषयमा सरकार मात्रै होइन देशका राजनीतिक दलहरू तथा आम जनतासमेतको सकारात्मक भूमिका आवश्यक छ। हालै भएको सम्झौतालाई पनि एउटा उपलब्धि मान्न सकिन्छ।

# सर्वोच्च अदालतको फैसला : प्रतिनिधिसभा पुनर्स्थापना, 'दुई दिनभित्र देउवालाई प्रधानमन्त्री बनाउनू'

काठमाडौं, २८ असार/रासस

सर्वोच्च अदालतले प्रतिनिधिसभा पुनर्स्थापना गर्दै दुई दिनभित्र नेपाली काङ्ग्रेसका सभापति शेरबहादुर देउवालाई प्रधानमन्त्री बनाउने परमादेश जारी गरेको छ । प्रधानन्यायाधीश चोलेन्द्रशम्शेर जबरा, वरिष्ठतम् न्यायाधीशहरू दीपककुमार कार्की, मीरा खड्का, ईश्वरप्रसाद खतिवडा र डा आनन्दमोहन भट्टराईको संवैधानिक इजलासले सोमवार उक्त फैसला सुनाउँदै यही असार २९ गते मङ्गलवार अपराह्न ५ बजेभित्र प्रधानमन्त्री नियुक्ति गर्न भनेको छ।

"प्रतिनिधिसभाका १४९ जना सदस्य (बहुमत सदस्यहरू)ले समर्थन जनाएको कुरालाई विश्वासको मत प्राप्त गर्न सक्ने आधार प्रस्तुत गरेको भनी मान्नुपर्ने पर्याप्त र मनासिब आधार देखिएको हुँदा सोहीबमोजिम आजको मितिले दुई दिनभित्र अर्थात् २०७८ असार २९ गते अपराह्न ५ बजेभित्र उपरोक्त अनुसार संविधानसम्मतरूपमा २०७८/२/७ गते राष्ट्रपतिसमक्ष दाबी पेश गरेका प्रतिनिधिसभा सदस्यलाई प्रधानमन्त्री पदमा नियुक्ति गर्नू," फैसलामा भनिएको छ। यस्तै, फैसलामा "संविधानको धारा ७६ को उपधारा (६) बमोजिम विश्वासको मत प्राप्त गर्ने प्रक्रिया पूरा गर्नू/गराउनू भनी प्रत्यार्थीमध्येका राष्ट्रपतिको कार्यालय तथा सङ्घीय संसद्को पुनर्स्थापित प्रतिनिधिसभाका नाउँमा परमादेश जारी हुने ठहर्नेसमेत उल्लेख गरिएको छ।

नेपालको संविधानको धारा ७६ (५) बमोजिम प्रधानमन्त्री नियुक्ति गर्ने प्रयोजनका लागि विश्वास जनाएको वा समर्थन गरेको कारणबाट राजनीतिक दलसम्बन्धी ऐन, २०७३ बमोजिम दल त्यागसम्बन्धी कारबाई गर्न नमिल्ने फैसलामा छ । फैसलामा भनिएको छ, "उक्त प्रावधानबमोजिम प्रधानमन्त्री पदमा नियुक्ति सन्दर्भमा प्रतिनिधिसभाका कुनै सदस्यप्रति विश्वास जनाएको, समर्थन गरेको, आफ्नो अभिमत वा धारणा व्यक्त गरेको वा मतदान गरेको कुरालाई लिएर प्रतिनिधिसभाका कुनै पनि सदस्यउपर दल त्यागसम्बन्धी कारबाई नगर्नू, नगराउनू भनी प्रत्यार्थीहरूका नाउँमा प्रतिषेधको आदेश जारी हुने ठहर्छ।"

अदालतले आगामी साउन ३ गते प्रतिनिधिसभाको बैठक बोलाउनसमेत भनेको छ । फैसलाको पूर्णपाठ आउन बाँकी छ। सर्वोच्च अदालतले संविधानको धारा ७६ (५) अनुसार सरकार गठन गर्न सघाउँदा सांसदहरूलाई सम्बन्धित दलले अनुशासनको कारबाई गर्न नपाउने फैसला गरेको छ।

प्रतिनिधिसभा विघटनविरुद्ध १४६ सांसदले दायर गरेको रिटमाथि फैसला सुनाउँदै सर्वोच्चले धारा ७६ (५) अनुसार सरकार गठनमा दलीय अनुशासनका सम्बन्धमा बोलेको हो। सर्वोच्चको फैसला अनुसार धारा ७६ (५) को सरकार गठनमा दलीय ह्वीप र अनुशासनको कारबाई निष्प्रभावी हुने भएको छ।

अदालतले विश्वासको मत लिन नसकेका प्रधानमन्त्री केपीशर्मा ओलीले संविधानको धारा ७६ (५) अनुसार प्रधानमन्त्री नियुक्तिका लागि दाबी संविधानसम्मत नदेखिएको ठहर गरेको छ । "नेपालको संविधानको धारा ७६ (३) बमोजिम नियुक्त प्रधानमन्त्रीले उपधारा (४) बमोजिम प्रतिनिधिसभाबाट विश्वासको मत प्राप्त नगरेको वा निजले सो प्रक्रिया परित्याग गरेको कारणबाट उपधारा (५) बमोजिम प्रधानमन्त्री नियुक्ति हुने अवस्थामा निजले दाबी पेश

(बाँकी तेस्रो पातामा)

## फैसलाको स्वागत गर्दछु : सभापति देउवा

नेपाली काङ्ग्रेसका सभापति शेरबहादुर देउवाले सर्वोच्च अदालतले काङ्ग्रेसलगायत पाँच दलले दर्ता गरेको रिट निवेदनउपर गरेको फैसलाको स्वागत गरेका छन्। उनले सोमवार विज्ञप्तिमार्फत यो फैसलाले लिकबाहिर धकेलिएको संविधानलाई ट्र्याकमा ल्याएको उल्लेख गर्दै स्वतन्त्र न्यायपालिकाप्रतिको आस्था र विश्वासलाई थप अभिवृद्धि गरेको बताएका छन्।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन: ९८४५११९४४८

# अन्तर्राष्ट्रिय समाचार

## मित्सुबिसीबाट छलीबापत दुई करोड ५० लाख यूरो जरिबाना असुल

टोकियो, २८ असार/एएफपी

जापानी गाडी निर्माता मित्सुबिसी मोटर्सले यस वर्षको शुरूमा उत्सर्जन जालसाजी गरेको भनी जर्मन अभियोजकहरूले लगाएको अभियोगका लागि दुई करोड ५० लाख युरो जरिवाना तिरेको जनाएको छ।




जापानी गाडी निर्माता यस कम्पनीले यो कुराको पुष्टि सोमवार गरेको हो।

जर्मन अधिकारीहरूले गत वर्ष मित्सुबिसी कारहरू संलग्न भएको संदिग्ध डिजेल उत्सर्जनको अनुसन्धानको भागको रूपमा १० वटा स्थलहरूमा छापा मारेका थिए।

मित्सुबिसी मोटर्सले सोमवार फ्रान्कफर्ट अभियोजन कार्यालयले मार्चको अन्तिम साता दुई करोड ५० लाख युरो जरिवाना सूचना जारी गरेको जनाएको छ।

फर्मका प्रवक्ताले भने, "हामीले राम्रो जानकारीको विरुद्ध अपील भने गरेका छैनौं 'जरिवाना रकम' मार्चको अन्त्य पहिल्यै भुक्तान गरिएको थियो।"

उत्सर्जन उल्लङ्घनहरू 'जानाजानी वा इच्छापूर्वक गरिएको थियो' भन्ने विषयमा आदेशले त्यस्तो कुनै प्रमाण फेला नपारेको तथा कुनै जालसाजी व्यवहारको पहिचान नभएको उनले बताए। ब्लुमबर्ग न्यूजले यसैबीच फ्रान्कफर्ट अभियोजन पक्षका एक प्रवक्तालाई उल्लेख गर्दै जरिवाना तिरेको अभियोगमा अनुसन्धान समाप्त भएको उल्लेख गरेको छ।

मुद्दालाई मार्चमा अन्त्य गरिएको थियो तर यसलाई सोमवार पहिले खुलासा नगरिएको ब्लूमबर्गले लेखेको छ।

यस छानबिनले १.६ र २.२ लिटर इन्जिनसहितका मित्सुबिसी डिजल गाडीको ध्यान केन्द्रित गरेको छ। ती गाडीहरूलाई उत्सर्जन मापदण्डको पालनाका आधारमा जर्मनीको उच्चतम युरो-५ र युरो-६ गुणस्तर दर प्राप्त गरेको थियो।

अभियोजकहरूले इन्जिनहरू तथाकथित 'शटडाउन' उपकरणद्वारा बनेका छन् ताकि उनीहरूको ल्याब परीक्षणहरूमा उनीहरू सडकमा भन्दा कम प्रदूषणकारी देखा पर्दछन्।

सन् २०१५ मा फोक्सवेगन समूहको प्रदूषण परीक्षणको लागि ११ करोड गाडीमा सफ्टवेयर स्थापना गर्न स्वीकार गरेको 'डिजेलगेट' घोटालामा मित्सुबिसीको अनुसन्धान मात्र एउटा यस्तो कदम थियो। रासस

## प्रजनन अधिकारको रक्षा गर्न राष्ट्रसङ्घीय महासचिवको आग्रह

संयुक्त राष्ट्रसङ्घ, २८ असार/सिन्ह्वा

संयुक्त राष्ट्रसङ्घीय महासचिव एन्टोनियो गुटरेसले विश्वका सबै देशलाई नागरिकको प्रजनन अधिकारको रक्षाको क्षेत्रमा काम गर्न आग्रह गरेका छन्। विश्व जनसङ्ख्या दिवसको अवसर पारेर उनले सो कुरा बताएका हुन्। हरेक वर्ष जुलाई ११ मा विश्व जनसङ्ख्या दिवस मनाउने गरिन्छ।

उनले विश्व जनसङ्ख्या दिवसका अवसरमा दिएको सम्बोधनका क्रममा सो कुरा बताएका हुन्। त्यस अवसरमा उनले भने- हामीले विश्व जनसङ्ख्या दिवस मनाइरहँदा प्रत्येक नागरिकको प्रजनन अधिकारको रक्षाका लागि पनि सबैतिर आवाज उठाउनुपर्छ।

अहिले विश्वमा कोरोना भाइरसको महामारी जारी रहेको र यस्तो अवस्थामा आफ्नो पेशा र रोजगार गुमाएका महिलाहरूदेखि दिएर महामारीका कारण भएको लकडाउनका कारण घरैमा बसेका महिलाहरू पनि घरेलु हिंसाको चपेटामा परिरहेको अवस्थाको मध्यनजर गर्दै महिला अधिकारको रक्षाको काममा लाग्न पनि आग्रह गरे।

यस महामारीका कारण अरू क्षेत्रमा परेको प्रभाव जस्तै महिलाको प्रजनन अधिकारको पनि रक्षा गर्नुपर्नेमा जोड दिँदै उनले विश्व जनसङ्ख्या दिवसका अवसरमा यस विषयमा ध्यान दिन सबैलाई आग्रह गरे।

अहिलेसम्मको तथ्याङ्कलाई हेर्दा विश्वमा कोभिड-१९ को महामारीका कारण कम्तीमा पनि ४ करोड ७० लाख महिला गरीबीतर्फ धकेलिएका छन्। उनीहरूले महामारीका कारण भएको लकडाउन तथा आफ्नो रोजगार गुमाउनुपरेका कारण यस्तो समस्यामा परेका बताए।

त्यसैगरी, विश्वका विभिन्न देशमा जारी रहेको लकडाउनका कारण विश्वका ठूलो सङ्ख्याका बालिकाहरू विद्यालय जानबाट वञ्चित भएका र उनीहरू अब लकडाउन खुले पनि विद्यालय नजाने अवस्थामा पुगेका पनि राष्ट्रसङ्घीय महासचिव गुटरेसको सो सन्देशमा उल्लेख गरिएको छ। रासस

## ब्रजीलमा २४ घण्टामा कोभिड-१९ बाट ५९५ जनाको मृत्यु

साओ पाओलो, २८ असार/सिन्ह्वा

कोभिड-१९ बाट सबैभन्दा बढी प्रभावित भएका देशहरूको अग्रस्थानमा रहेको ब्रजीलमा २४ घण्टामा कोभिड-१९ बाट कम्तीमा पनि ५९५ जनाको मृत्यु भएको छ।

यहाँको स्वास्थ्य मन्त्रालयले सो कुराको जानकारी दिएको छ। प्राप्त समाचार अनुसार ब्रजीलमा आइतवार त्यसको २४ घण्टाअघिदेखि गरेर ५९५ जनाको ज्यान गएको हो।

यहाँ यो सङ्क्रमणबाट ज्यान गुमाउने नागरिकको सङ्ख्या ५ लाख ३३ हजार ५८८ जना पुगेको छ। त्यसैगरी, यहाँ कोभिडबाट सङ्क्रमित हुनेको सङ्ख्या पनि गएको २४ घण्टामा करीब २१ हजारजना रहेको छ। योसमेत गरी ब्रजीलमा कोभिडबाट सङ्क्रमित हुने नागरिकको सङ्ख्या १ करोड ९० लाखभन्दा बढी रहेको ब्रजीलको स्वास्थ्य मन्त्रालयले जानकारी दिएको छ।

ब्रजीलमा दुई महीनाअघि कोभिडका सङ्क्रमितहरू घटेको भएपनि अहिले अर्थात् पछिल्ला केही महीनामा भने यो सङ्ख्या बढ्दै गएको देखिएको छ।

यहाँको सरकारले कोरोना भाइरसविरुद्धको खोपलाई प्राथमिकतामा राखेर नागरिकहरूलाई खोप दिने कामलाई देशव्यापी अभियानका रूपमा सञ्चालन गरेको छ।

ब्रजीलको साओ पाओलो शहर सबैभन्दा बढी सङ्क्रमणमा परेको शहर हो। रासस

## दक्षिण कोरियाली राष्ट्रपति मूनप्रति जनविश्वास बढ्दो

सियोल, २८ असार/सिन्ह्वा

दक्षिण कोरियाली राष्ट्रपति मून जाइ-इनप्रतिको जनविश्वास गत हप्ताको तुलनामा ३.१ अङ्कले वृद्धि भई ४१.१ प्रतिशत पुगेको साप्ताहिक मूल्याङ्कन विवरणले देखाएको छ। मार्चपछि १८ हप्तामा उनीप्रतिको समर्थनमा पहिलोपटक ४० प्रतिशतभन्दा माथि पुगेको हो 'रियलमिटर' सर्वेक्षण रिपोर्टले देखाएको छ।

राष्ट्रपति मूनको आचरणाको नकारात्मक मूल्याङ्कन पहिलेको हप्ताको तुलनामा गत हप्ता ३.२ प्रतिशत अङ्कले घटेर ५४.९ प्रतिशतमा झरेको छ।


मूनको डेमोक्रेटिक पार्टीप्रतिको समर्थन गत हप्ता ३.३ प्रतिशतले वृद्धि भई ३२.९ प्रतिशत पुगेको छ। दक्षिण कोरियाको मुख्य प्रतिपक्षी दल पिपल्स पावर पार्टीलाई गत हप्ता ३७.१ प्रतिशत समर्थन मिलेको छ। यो अघिल्लो हप्ताको तुलनामा ०.६ प्रतिशतले बढी हो।

अर्को दल ओपन डेमोक्रेटिक पार्टीलाई सात प्रतिशत मात्र समर्थन मिलेको छ भने पिपल्स पार्टीलाई छ र जस्टिस पार्टीलाई ३.५ प्रतिशत समर्थन कायम भएको छ। रासस

## अलबिदा दिलीपकुमार

दिलीप कुमारले सन् १९४४ मा 'ज्वारभाटा' फिल्मबाट आफ्नो कैरियर शुरू गरेका थिए। तर सन् १९४९ को अन्दाज फिल्मबाट उनको छवि उजेलिएको थियो। मुगल-ए-आजम भन्ने फिल्मबाट उनी भारतभर छाएका हुन्। विभाजनअघि पाकिस्तानबाट आएका उनको असली नाम युसुफ खान हो। फिल्म खेल्न थालेपछि उतिबेलाका प्रसिद्ध गीतकार, कवि नरेन्द्र शर्माले उनलाई दिलीप कुमार नाम राख्न सुझाएका थिए। केही दिनअघि ९८ वर्षको उमेरमा मुम्बईको एउटा अस्पतालमा उनको मृत्यु भयो। उनकी पत्नी शायरा बानो पनि भारतीय उम्दा अभिनेत्री हुन्। उनीहरूका कुनै सन्तान छैनन्। फिल्ममा आउनुअघि शायरा बानो मिस इन्डिया पनि भएकी थिइन्। दिलीप कुमारलाई ट्रेजेडी किङ पनि भनिन्छ। अन्तिम बिदाइका क्रममा भारत सरकारले उनलाई भारतीय झन्डा तिरङ्गा ओढाइ जुहुकै एउटा कब्रिस्तानमा लगेको थियो। दिलीप कुमारका बारेमा थुप्रै किंवदन्ती पनि छन्। एकपटक दिलीप कुमार इङ्ल्यान्ड पुग्दा आफ्नो पोर्टफोलियो बिर्सेर महारानी एलिजाबेथ दिलीप कुमार बसेको होटलमा पुगेर भेट्न खोज्दा सल्लाहकारहरूले दिलीप कुमारलाई दरबारमा बोलाइ भेटघाट गराउनुपरेको थियो। त्यस्तै, तत्कालीन भारतीय प्रधानमन्त्री पण्डित जवाहरलाल नेहरूले एउटा भाषणमा भनेका थिए, भारतमा दुईजनाको आवाज जनताले सुन्न मन पराउँछ। एउटा मेरो र अर्को दिलीप कुमारको भनेका थिए।

महाराष्ट्रका प्रख्यात नेता स्व बाल ठाकरेसँग दिलीप कुमारको घनिष्ट सम्बन्ध थियो। तर सन् १९९८ मा पाकिस्तानले दिलीप कुमारलाई सर्वोच्च नागरिक सम्मान 'निशान-ए-इम्तियाज' दिएपछि ठाकरेले त्यो सम्मान फिर्ता गर्न आग्रह गर्दा दिलीप कुमारले नमानेपछि यिनीहरूबीच अनबन भयो। तर उनका समकालीन कलाकार स्व मुकुरीसँग यिनको दिगो सम्बन्ध सदैव रहिरह्यो।



दिलीप कुमार हिन्दी, तमिल, तेलुगु, पञ्जाबी, उर्दू, फारसी, फ्रेन्च र जर्मन भाषाका समेत ज्ञाता थिए। सन् १९७० मा 'एङ्ग्री यङ म्यान' भनिने अमिताभ बच्चन र अहिलेका चल्तापिर्ता कलाकार शाहरूख खानहरूले फिल्मजगत्मा चम्किन दिलीप कुमारको अभिनयको नक्कल गर्ने गरेको र फिल्मी दुनियाँमा टिकेको पनि आरोप छ।

दिलीप कुमारले पाँच दशकमा करीब पाँच दर्जन फिल्ममा अभिनय गरे। सन् १९९८ मा किला फिल्म खेलेपछि उनी बलिउडबाट टाढा भए। भारतमा सन् १९३० देखि टाकिज फिल्म आउन थालेको हो। टाकिजको अर्थ बोल्ने सिनेमा हो। बम्बे टाकिजकी माल्किनी देवकी रानीले दिलीप कुमारलाई फिल्ममा ल्याएकी हुन्। त्यतिखेर दिलीप कुमार देवकी रानीको तलबी कर्मचारी थिए।

वीरगंजको चटाइ हल भन्ने कीर्ति सिनेमा हलमा केटाकेटीमा मैले उनको गोपी र राम और श्याम फिल्म हेरेको थिएँ। त्यतिखेर दिलीप कुमार चर्चाको शिखरमा थिए। गायक नारायण गोपालले भारत गई हिन्दी गीत गाउन अस्वीकार गरेझैं दिलीप कुमारले पनि हलिउड फिल्म खेल्न अस्वीकार गरेका थिए।

नेपालका ख्यातिप्राप्त कथाकार ध्रुवचन्द्र गौतम अझै पनि हिन्दी सिनेमा भनेपछि हुरुक्क हुन्छन्, त्यसमाथि दिलीप कुमार उनलाई साह्रै मन पर्ने अभिनेता हुन्। अलबिदा अभिनेता दिलीप कुमार।

**मन्तव्य**



कुमार रुपाखेती

**वीरगंजको चटाइ हल भन्ने कीर्ति सिनेमा हलमा केटाकेटीमा मैले उनको गोपी र राम और श्याम फिल्म हेरेको थिएँ। त्यतिखेर दिलीप कुमार चर्चाको शिखरमा थिए। गायक नारायण गोपालले भारत गई हिन्दी गीत गाउन अस्वीकार गरेझैं दिलीप कुमारले पनि हलिउड फिल्म खेल्न अस्वीकार गरेका थिए।**

## प्रतिनिधिसभा छपटक विघटन, चारपटक पुनर्स्थापना

काठमाडौं, २८ असार/रासस

नेपालको संसदीय इतिहासमा हालसम्म छपटक प्रतिनिधिसभा विघटन भएका छन्। तीमध्ये चारपटकका विघटन बदर र दुईपटकका सदर भएका छन्।

विघटित प्रतिनिधिसभा तीनपटक सर्वोच्च अदालतमार्फत र एकपटक जनआन्दोलनमार्फत पुनर्स्थापित भएको सङ्घीय संसद् सचिवालयले जनाएको छ।

पहिलोपटक विसं २०५१ मा तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले प्रतिनिधिसभा विघटनको सिफारिश गरेका थिए। विसं २०५१ असार २७ गते तत्कालीन राजाबाट सो सिफारिश सदर गरिएको थियो। आर्थिक वर्ष २०५१/५२ को सरकारको नीति तथा कार्यक्रममाथि छलफलपश्चात् पारित गर्न विसं २०५१ असार २६ गते प्रतिनिधिसभाको बैठक बसेको थियो। सो बैठकमा नीति तथा कार्यक्रम पारित गर्न प्रस्ताव हुँदा पक्षमा ७४ र विपक्षमा ८६ मत परी अस्वीकृत भएको थियो। त्यसपछि तत्कालीन प्रधानमन्त्री कोइरालाले पदबाट राजीनामा दिनुका साथै नेपाल अधिराज्यको संविधान २०४७ बमोजिम प्रतिनिधिसभा विघटन गरी २०५१ कात्तिक २७ गते आमनिर्वाचनका लागि मिति तोक्न सिफारिश भएबमोजिम प्रतिनिधिसभा विघटन भएको थियो।

२०५१ मङ्सिर १३ गते तत्कालीन नेकपा (एमाले) संसदीय दलका नेता मनमोहन अधिकारी सबैभन्दा बढी सदस्य भएको दलको नेताको हैसियतले प्रधानमन्त्रीमा नियुक्त भए। विकसित राजनीतिक घटनाक्रमसँगै २०५२ जेठ २६ गते प्रधानमन्त्री अधिकारीले प्रतिनिधिसभा विघटन गर्न तत्कालीन राजासमक्ष सिफारिश गरेपछि जेठ ३० गते प्रतिनिधिसभा विघटन भएको थियो। तर सर्वोच्च अदालतबाट विसं २०५२ भदौ १२ गते विघटनलाई बदर गरी प्रतिनिधिसभा पुनर्स्थापना गरिएको थियो।

नेपालमा तेस्रोपटक प्रतिनिधिसभाको बैठक चालू रहेको १५औं अधिवेशनको बीचमैं २०५५ माघ १ गते तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले नेपाल अधिराज्यको संविधान २०४७ बमोजिम प्रतिनिधिसभा पुनः विघटन गरी विसं २०५६ वैशाख २० गते निर्वाचनको मिति तोक्ने सिफारिश गरेका थिए। सो सिफारिश अनुसार तत्कालीन राजाबाट सोही दिन प्रतिनिधिसभा विघटन भएको थियो। त्यस्तै, २०५४ पुस २४ गते तत्कालीन प्रधानमन्त्री सूर्यबहादुर थापाले प्रतिनिधिसभा विघटनका लागि तत्कालीन राजा वीरेन्द्र शाहलाई सिफारिश गरेका थिए। राजाले सो सिफारिशलाई कार्यान्वयन नगरी सर्वोच्च अदालतसँग राय माग्दा सर्वोच्चले विघटन नगर्ने राय दिएको थियो। तसर्थ प्रतिनिधिसभा विघटनको सिफारिश भयो तर कार्यान्वयन भएन।

चौथौपटक विसं २०५९ जेठ ९ गते प्रतिनिधिसभाको बैठक बस्ने गरी संसद्को २२औं अधिवेशन आह्वान भएकामा तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाले विसं २०५९ जेठ ८ गते प्रतिनिधिसभा विघटनका लागि सिफारिश गरेका थिए। निर्वाचनको लागि मिति तोक्न सिफारिश गरेबमोजिम सोही दिन प्रतिनिधिसभा विघटनसमेत भएको थियो। विघटन भएको सो प्रतिनिधिसभा जनआन्दोलनको बलले तत्कालीन राजा ज्ञानेन्द्र शाहबाट २०६३ वैशाख ११ गते राति ११ बजे पुनर्स्थापना भई २०६३ वैशाख १५ गते बैठक बस्ने गरी मितिसमेत तोकिएको थियो।

पाँचौंपटक प्रधानमन्त्री केपीशर्मा ओलीले मन्त्रिपरिषद्को सिफारिशसहित नेपालको संविधानबमोजिम र संसदीय प्रणालीको आधारभूत मर्म एवं अभ्यास बमोजिम भन्दै २०७७ पुस ५ गते प्रतिनिधिसभा विघटन गरियोस् भनी सिफारिश गरेका थिए। सो सिफारिशबमोजिम राष्ट्रपति विद्यादेवी

(बाँकी अन्तिम पातामा)

### सर्वोच्च अदालतको....

गर्न नमिल्ने भएकाले तत्काल विश्वासको मत लिन नसक्नुभएका प्रधानमन्त्री ओलीले धारा ७६ (५) बमोजिम प्रधानमन्त्री पदमा नियुक्तिका लागि गरेका दाबी संविधासम्मत देखिएन।"

संविधानको सोही धारा अनुसार प्रधानमन्त्री नियुक्तिका लागि देउवाको दाबी उचित रहेको फैसलामा छ। "संविधानको धारा ७६ (५) बमोजिम प्रधानमन्त्री पदमा नियुक्तिका लागि शेरबहादुर देउवाले १४९ जना प्रतिनिधिसभाका सदस्यहरूको समर्थन रहेको भनी गरेका दाबीलाई संविधानको धारा ७६ (५) प्रतिकूल हुनेगरी दाबी नपुग्ने भनी गरिएको निर्णय उपरोक्त प्रकरण (क)मा उल्लेख भए अनुसार बदर गरिएको छ।"

अदालतले जुन बिन्दुबाट संविधानको प्रयोग र पालनामा त्रुटि भएको छ, सोही अवस्थामा संविधानसम्मत तवरले प्रक्रिया अगाडि बढाउनु मनासिब हुने देखिएको फैसलामा छ। पुनर्स्थापित प्रतिनिधिसभाको अधिवेशन आजका मितिले सात दिनभित्र अर्थात् साउन ३ गते आइतवार ५ बजेभित्र प्रारम्भ हुने गरी नेपालको संविधानबमोजिम अधिवेशन आह्वान गरी नियमितरूपमा बैठक बस्ने व्यवस्था तत्काल मिलाउन अदालतले परमादेश जारी गरेको छ।

प्रतितिधिसभा विघटन नेपालको संविधानको मूल्य मान्यताविपरीत भएको उल्लेख गर्दै फैसलामा भनिएको छ, "सङ्घीय संसद्को प्रतिनिधिसभाको विवादित विघटन कार्य नेपालको संविधानको धारा ७६ (५) उपधारा (७)मा रहेको प्रावधान, संविधानले आत्मसात् गरेको लोकतान्त्रिक आदर्श, मूल्य मान्यता, संविधानवाद तथा संवैधानिक नैतिकता अनुकूल पनि देखिएन।" अदालतले २०७७ फागुन ११ मा गरिएको संविधानको व्याख्या र जारी गरिएको आदेशको मर्मअनुकूल पनि नदेखिएको उल्लेख छ।

सर्वोच्च अदालतमा यही असार ९ गतेदेखि उक्त विवादमा नियमित सुनुवाइ शुरू भएको थियो। यही असार २१ गते सुनुवाइ सकिएको थियो। उक्त विवादमा जम्मा ११७ जना कानून व्यवसायीले बहस गरेका थिए। गत जेठ ८ गते मन्त्रिपरिषद्को सिफारिशमा प्रतिनिधिसभा विघटन गरी आगामी कात्तिक २६ र मङ्सिर ३ गते मध्यावधि निर्वाचन तोक्ने गरी राष्ट्रपतिको जेठ ८ गतेको निर्णय बदर गर्न माग गर्दै सर्वोच्च अदालतमा गत जेठ १० र ११ गते गरी ३० रिट निवेदन दर्ता भएको थिए।



## वर्गीकृत विज्ञापन






# न्यायिक समितिले यस वर्ष दुईवटा मुद्दा मात्र किनारा लगायो

नितेश कर्ण, वीरगंज, २८ असार/ वीरगंज महानगरपालिकाको न्यायिक समितिले चालू आवमा दुईवटा मुद्दा मात्र किनारा लगाएको छ । चालू आवको असार २० गतेसम्म ११ वटा मुद्दा दर्ता भएको र सोमध्ये दुईवटा मुद्दालाई मात्र किनारा लगाएको समितिले जानकारी दिएको छ ।


तस्वीरः प्रतीक

यसअघि आव २०७६/७७ मा ५८ वटा मुद्दा दर्ता भएको र त्यसमध्ये १५ वटा मुद्दा किनारा लगाइएको थियो भने २०७५/७६ मा ७९ वटा मुद्दा दर्ता भएको र ४४ वटा मुद्दा फछ्र्योट भएको तथा २०७४/७५ मा १३१ वटा मुद्दा दर्ता भएकामा ५५ वटा मुद्दा मात्र फछ्र्योट भएका थिए । अहिलेसम्म समितिमा २७९ वटा मुद्दा दर्ता रहेका र सोमध्ये ११६ वटालाई किनारा लगाइएको र १६३ वटा मुद्दा अझै फछ्र्योट हुन बाँकी रहेको समितिले जनाएको छ । स्थानीय तह अन्तर्गत न्यायिक समितिले मुद्दाको फछ्र्योट गर्ने भनिएपछि पहिलो आवमा ठूलो सङ्ख्यामा मुद्दा दर्ता भएको थियो तर समितिले पहिलो आवमा मुद्दा फछ्र्योट गर्न ढिला गरेपछि त्यसपछिको अवधिमा निरन्तर मुद्दा दर्ता हुने क्रममा कमी आएको हो ।

## जिपी फाउन्डेशनद्वारा प्रजिअलाई ज्ञापन

प्रस, वीरगंज, २८ असार/ विपी उद्यानमा ढलान कार्य भइरहेको विरोधमा जिपी फाउन्डेशन पर्साले प्रमुख जिल्ला अधिकारीलाई ध्यानाकर्षणपत्र बुझाएको छ ।

फाउन्डेशनका अध्यक्ष महम्मद सहाबुद्दीनले प्रजिअ पीताम्बर घिमिरेलाई ज्ञापनपत्र बुझाउँदै ढलान गर्दा प्रकृति मासिने भएकोले सो कार्य रोक्न आग्रह गरे ।


प्रजिअलाई ज्ञापन बुझाउँदै जिपी फाउन्डेशनका पदाधिकारीलगायत । तस्वीरः प्रतीक

## किर्ते सवारी पास बनाउने दुईजना पक्राउ

प्रस, परवानीपुर, २८ असार/ जिल्ला प्रहरी कार्यालय, बाराले किर्ते सवारी पास बनाएको आरोपमा दुईजनालाई पक्राउ गरेको छ । कलैया उपमहानगरपालिका-१७ बस्ने वर्ष २१ का जयनारायणप्रसाद जैसवाल र वडा नं ३ बस्ने वर्ष ३० का गोपालप्रसादलाई प्रहरीले पक्राउ गरेको हो ।


नक्कली पाससहित पक्राउ परेका दुईजनालाई सार्वजनिक गर्दै प्रहरी । तस्वीरः सौजन्य

जैसवाल ना.१ज ७२८८ नम्बरको गाडीका चालक हुन् भने साह कलैया-४ मा सञ्चालित दाइभाइ फोटो स्टुडियोका सञ्चालक हुन् । जिल्ला प्रशासन कार्यालय बाराको छाप र अधिकृतको हस्ताक्षर किर्ते गरेको आरोपमा उनीहरूलाई पक्राउ गरी किर्ते मुद्दामा थप अनुसन्धान भइरहेको बारा प्रहरीका प्रवक्ता प्रहरी नायब उपरीक्षक गौतम मिश्रले जानकारी गराए ।

गत शनिवार काठमाडौं जाँदै गर्दा पथलैया प्रहरीले चेकजाँच गरेको र जैसवालले चलाएको गाडी ना.१ज ७२८८ नम्बरको गाडीको पास नक्कली भएको फेला परेपछि पास बनाउने पसलका सञ्चालकलाई समेत हिरासतमा लिइएको थियो । प्रहरीले पसलबाट दुई थान प्रिन्टर, सिपियू, मोनिटर तथा थप तीनवटा नक्कली सवारी पास बरामद गरेको दाबी गरेको छ ।

### आजको कार्यक्रम

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| | | जानकारी आएन | | |




## चारजना सङ्क्रमित पुष्टि

प्रस, वीरगंज, २८ असार/ नारायणी अस्पताल वीरगंजको प्रयोगशालाले सोमवार चारजना सङ्क्रमित पुष्टि गरेको छ ।

अस्पतालका कोभिड संयोजक डा उदयनारायण सिंहले सोमवार ७६ जनाको स्वाब नमूना परीक्षण गर्दा बाराका चारजना सङ्क्रमित पुष्टि भएको बताए । तीनजना पुरुष र एकजना महिला सङ्क्रमित भएको र उनीहरूको उमेर १९ देखि ६५ वर्ष रहेको बताए ।

यसैबीच, डा सिंहले नारायणी अस्पतालमा दुईजना सङ्क्रमितले उपचार गराइरहेको जानकारी गराए । पछिल्लो चरणमा नारायणी अस्पतालमा सङ्क्रमितहरू घट्दै छन् ।

## पोखरीमा डुबेर वृद्धको मृत्यु

प्रस, पंचगावाँ, २८ असार/ बहुदरमाई नगरपालिकामा एकजना वृद्धको माछापोखरीमा डुबेर मृत्यु भएको छ ।

आइतवार राति बहुदरमाई नपा-६ गम्हरिया निवासी ६५ वर्षीय नगिना साह कानु शौच गर्न माछापोखरीनजीकै गएका बेला डुबेर मृत्यु भएको प्रहरीले जनाएको छ । शौच गर्न गएका कानु घर नफर्केपछि उनको खोजी भएको र माछापोखरीमा डुबेर मरेको अवस्थामा शव बरामद भएको इप्रका पोखरियाका प्रहरी निरीक्षक दीपक थापाले बताए । उनले प्रारम्भिक अनुसन्धानबाट कानुको मृत्यु पोखरीमा डुबेर भएपनि सो सम्बन्धमा अनुसन्धान भइरहेको बताएका छन् । शल्यपरीक्षण रिपोर्टपछि मृत्युको तथ्य खुल्ने उनले बताए ।

## भारतीय ट्रकबाट २५० किलो गाँजा बरामद

प्रस, वीरगंज, २८ असार/ जिल्ला प्रहरी कार्यालय, पर्साले २५० किलो गाँजा बरामद गरेको छ । सोमवार दिउँसो आइसिपीबाट एचआर५५एम२२०९ नम्बरको भारतीय ट्रकबाट गाँजा बरामद भएको प्रहरी उपरीक्षक बेलबहादुर पाण्डेले बताए ।


बरामद भएको २५० किलो गाँजाबारे जानकारी गराउँदै प्रउ पाण्डे । तस्वीरः प्रतीक

उनले सूचनाको आधारमा आइसिपीमा रहेको ट्रक चेकजाँच गर्दा सोबाट २५ प्याकेट (२५० किलो) गाँजा बरामद भएको बताए ।

हेटौंडाबाट पर्साको पश्चिमी नाका भएर भारतीय नम्बरको ट्रकबाट गाँजा तस्करी भएको सूचनाको आधारमा छापा मारी गाँजा बरामद गर्न सफल भएको उनले बताए ।

आइसिपीमा रहेको ट्रकका चालक भने फरार भएको उनले बताए ।

### शिवलिङ्ग जमीनमा भासियो....

नियमितरूपमा पूजा गरेजस्तै पूजा गरेर कामविशेषले आफू बाहिर गएको र दिउँसो शिवलिङ्ग भासिएको घटना आफूले सुनेको बताएका छन् ।

करीब एक महीना पहिले गत जेठमा आफूले सपनामा शिवजीले यहाँ नबस्ने भनी बताएको पनि पुजारी गिरीले बताएका छन् । सपनामा भगवान् शिवले आफूलाई "अब हम जारहल छी, इहाँ नरहम" भनेर बताएको भन्दै पुजारी गिरीले सपनामा आफूले शिवजीलाई "पुरान गाँओ समाज छोडके नजाएलजाओ" भनेर अनुरोध गरेको पनि बताएका छन् ।

स्थानीय कामेश्वर सहनीले झारखण्डको बाबाधामका एक पण्डालाई सम्पर्क गरी घटनाको विषयमा जानकारी गराउँदा भासिएको शिवलिङ्गलाई कतै नदीमा विसर्जन गरेर विधिपूर्वक नयाँ शिवलिङ्ग प्रतिष्ठापन गर्नुपर्ने सल्लाह पाएको बताएका छन् । तर अझै चार/पाँच दिनसम्म भासिएको शिवलिङ्गलाई नखन्न तथा अरू केही पनि नगर्न पुजारी गिरीले सल्लाह दिएका छन् । दुई/चार दिनमा यस विषयमा आफैं आफूलाई केही जानकारी आउने बताउँदै गिरीले यो घटना अकल्पनीय भएको बताएका छन् ।

शिवलिङ्ग भासिएको खबर सुनेर मन्दिरनजीकै घर रहेको एक महिलाले मोबाइलमा फोटो खिच्दा बेग्लै आकृति देखिएपछि गाउँमा त्रास फैलिएको हो । शिवलिङ्गको फोटो खिच्दा भित्तामा बन्द गरिएको अवस्थाका दुई आँखाको आकृति आएको देखिएको छ । फोटो देखेर महिला आत्तिएकी थिइन् र आँखाले देख्दा भने केही पनि देखिएको थिएन । लगत्तै अन्य मानिसले फोटो खिच्दा पनि आँखाको त्यो आकृति नदेखिएको स्थानीयको भनाइ छ । महिलाले खिचेको उक्त फोटो चारैतिर भाइरल भइरहेको छ ।

अतिप्राचीन मन्दिर भएकोले घटनाको विषयमा पुरातत्त्व विभागलाई पनि जानकारी गराउन खोजिरहेको गढीमाई नगरपालिका-२ का अध्यक्ष दीपेन्द्र श्रेष्ठको भनाइ छ । साथै धार्मिक क्षेत्र मुख्यगरी शिवको मन्दिर भएको र यस घटनाको विषयमा जानकारी राख्ने धार्मिक-आध्यात्मिक व्यक्तिहरूसित सम्पर्क गरिरहेको वडाध्यक्ष श्रेष्ठको भनाइ छ ।

समनपुरको महादेव मन्दिरलाई अतिप्राचीन मानिन्छ । किंवदन्ती अनुसार बाह्र वर्षको वनवास सकिएपछि एक वर्षको अज्ञातवास यहींबाट शुरू गरेका थिए । अज्ञातवास प्रारम्भ गर्न पाण्डवहरूले बनाएको सुरुङमा पसेको र सुरुङलाई बन्द गर्न त्यसको मुखमा ढुङ्गा राखेका थिए । त्यही ढुङ्गालाई कालान्तरमा स्थानीयले महादेव भनी पूजा गर्न थालेका थिए । केही दशक पहिलेसम्म हरेक वर्ष दर्जनौंको सङ्ख्यामा थारू, कठडियालगायतका जातिहरूको बिहे हुने गरेको मन्दिरमा जति धेरै जल चढाए पनि कहाँ जान्छ भनी अत्तोपत्तो नहुने गरेको स्थानीयको भनाइ छ । सुरुङको मुखमाथि शिवलिङ्ग रहेकोले पानी सीधै जमीनमुनि जाने गरेको विश्वास अहिले पनि स्थानीयमा रहेको छ । वरपरको जमीनको सतहभन्दा गहिरो स्थानमा रहेको शिवलिङ्गमा जतिसुकै जल चढाउँदा तथा धुँदा र स्नान गराउँदा पनि पानी जमीनमुनि नै जाने गरेको छ ।

## भरतपुरमा भेटियो डेल्टा भेरियन्ट

चितवन, २८ असार/रासस भरतपुरमा कोरोना भाइरस-१९ को 'डेल्टा भेरियन्ट' फेला परेको छ । भरतपुर अस्पतालले परीक्षणका लागि राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला काठमाडौं पठाएकामध्ये दुई नमूनामा नयाँ भेरियन्ट पत्ता लागेको हो ।

सो अस्पतालका प्रयोगशालामा सङ्क्रमण देखिएका पाँच नमूना राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला काठमाडौं पठाइएको थियो । अस्पतालले आज एक विज्ञप्ति प्रकाशित गरी यसरी पठाइएका नमूनामध्ये दुई नमूनामा डेल्टा (B.1.617.2-like) प्रमाणित भएको जनाएको छ ।

अस्पतालका कोभिड क्लिनिकल कोअर्डिनेटर डा प्रमोद पौडेलद्वारा हस्ताक्षरित विज्ञप्तिमा यसरी पठाइएका नमूना भरतपुर महानगरपालिकाभित्रका भएको जनाइएको छ । कोरोनाको पहिलो लहरको अल्फा भेरियन्टभन्दा कोरोनाको डेल्टा भेरियन्ट बढी सङ्क्रामक रहेको विभिन्न अनुसन्धानले पुष्टि गरेको वरिष्ठ कन्सल्टेन्ट फिजिसियनसमेत रहेका उनले जानकारी दिए ।

डेल्टा भेरियन्टले बालबालिकादेखि वृद्धवृद्धासम्म सबै उमेर समूहका व्यक्तिलाई उच्च सङ्क्रमण गर्ने र फोक्सोमा बढी असर पार्न सक्ने क्षमता भएको विज्ञले बताएका छन् । विज्ञप्तिमा सम्पूर्ण नागरिकलाई त्रसित नभई उच्च सतर्कताका साथ जनस्वास्थ्यका मापदण्ड पालना गर्न अपीलसमेत गरिएको छ ।

## दुईजना महिलासहित ७५ जनाद्वारा रक्तदान

प्रस, वीरगंज, २८ असार/ सामुदायिक सेवा केन्द्र छपकैयाको आयोजनामा सोमवार भएको रक्तदान कार्यक्रममा दुईजना महिलासहित ७५ जनाले रक्तदान गरेको रक्तसञ्चार केन्द्र वीरगंजका प्राविधिक प्रमुख सौरभराज पाण्डेले बताए ।



सामुदायिक सेवा केन्द्रका अध्यक्ष ग्यासुद्दीन ठकुराईको अध्यक्षता तथा पर्सा प्रहरी प्रमुख प्रहरी उपरीक्षक बेलबहादुर पाण्डेको प्रमुख आतिथ्यमा भएको रक्तदान कार्यक्रममा दिया साह, दुर्गादेवी सुवेदी, प्रवीण विक्रम शाह, राजकरण यादव, हरेराउत कुर्मी, सर्फलाल यादव, शेख जुनेद, समसाद अलि, कृष्णकुमार साहलगायतले रक्तदान गरेका थिए ।

कार्यक्रममा नेपाल रेडक्रस सोसाइटीका उपसभापति मधु राणा, ग्रीन सिटीका अध्यक्ष जयप्रकाश खेतान, वडाध्यक्ष बैजु स्वर्णकार, डा मनोज गुप्ता, प्रनि राजेश पुरी, ट्राफिक प्रमुख सुमन कार्कीलगायतको सहभागिता थियो ।

## ५ वटा किरानापसललाई जरिवाना

प्रस, वीरगंज, २८ असार/ वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय, पर्सासहितको टोलीले वीरगंजका पाँचवटा पसललाई उपभोक्ता संरक्षण ऐनविपरीत काम गरेको कसूरमा दण्डित गरेको छ ।

कार्यालयका निमित्त प्रमुख जीतबहादुर भण्डारी नेतृत्वको टोलीले वीरगंज-११ मीनाबजारस्थित कमल स्टोर, आयुष गल्ला किरानापसल, न्यू अमित किराना स्टोर्स, राहुल एन्ड नवीन किराना र कन्हैया किरानालाई जनही रु २० हजार जरिवाना गरेको हो । जरिवाना गरिएका पसलमध्ये कमल स्टोरले अनुगमनमा असहयोग गरेको र अन्य चारजनाले खरीद बिल नदेखाएको कसूरमा जरिवाना गरिएको निमित्त प्रमुख भण्डारीले बताए । भण्डारीको नेतृत्वमा जिल्ला प्रशासन, जिल्ला प्रहरी, कन्जुमर आई नेपाल, उद्योग वाणिज्य सङ्घका प्रतिनिधि सम्मिलित टोलीले बजारको अनुगमन गरेको हो ।

### प्रतिनिधिसभा छपटक....

भण्डारीबाट वर्तमान प्रतिनिधिसभा विघटन गरी २०७८ वैशाख १७ र २७ गते दुई चरणमा प्रतिनिधिसभाको निर्वाचन सम्पन्न गर्नेगरी मितिसमेत तोकिएको थियो । तर सर्वोच्च अदालतले प्रतिनिधिसभा विघटनविरुद्धको मुद्दामा सुनुवाइपछि विघटनलाई असंवैधानिक कदम भन्दै २०७७ फागुन ११ गते पुनर्स्थापना गर्ने फैसला गरेको थियो । फैसला सुनाउँदै अदालतले १३ दिनभित्र संसद् अधिवेशन बोलाउन परमादेशसमेत जारी गरेको थियो । अदालतको फैसलापछि फागुन २३ गते पुनर्स्थापित प्रतिनिधिसभाको बैठक बसेको थियो ।

छैटौंपटक प्रधानमन्त्री केपी शर्मा ओलीले गत जेठ ८ गते पुनः प्रतिनिधिसभा विघटन गरी आगामी कात्तिक २६ र मङ्सिर ३ गते मध्यावधि निर्वाचन तोक्ने गरी राष्ट्रपतिसमक्ष सिफारिश गरेका थिए ।

सोहीबमोजिम राष्ट्रपतिले प्रतिनिधिसभा विघटन गरी निर्वाचनको मिति तोकेकी थिइन् । सो विघटनका विरुद्धमा परेका विभिन्न निवेदनउपर सुनुवाइ गर्दै सर्वोच्च अदालतले आज २८ गते संविधानका मूल्य र मान्यता अनुकूल नभएको ठहर गर्दै विघटनको कदमलाई बदर गरिदिएको छ । साथै अदालतले दुई दिनभित्र नेपाली काङ्ग्रेसका सभापति शेरबहादुर देउवालाई प्रधानमन्त्री बनाउने परमादेशसमेत जारी गरेको छ भने आगामी साउन ३ गते प्रतिनिधिसभाको बैठक बोलाउन भनेको छ ।

नोवेल कोरोना भाइरस (COVID–19) सामान्य रुघाखोकीभन्दा जटिल सङ्क्रमण हो, हालसम्म यसको उपचारको लागि औषधि पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो ।

**यसबाट बच्ने उत्तम उपायहरूः**

- कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले र पछि साबुनपानीले राम्ररी हात धुने,
- अनावश्यकरूपमा घरबाहिर र भीडभाडमा नजाने,
- खोक्दा र हाच्छ्यूँ गर्दा नाक र मुख कुहिनोले छोप्ने,
- कुनै पनि व्यक्तिसँग तीन फिटको दूरी कायम गर्ने,
- जङ्गली तथा घरपालुवा पशुपक्षीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने,
- सकेसम्म पशुजन्य मासु नखाने,
- ज्वरो, रुघा र खोकी तथा श्वासप्रश्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग